# स्थानीय राजपत्र

ज्वालामुखी गाउँपालिका, धादिङद्वारा प्रकाशित

| खण्ड ६ | संख्या ४ | मिति: २०७९/०५/३० |
|---|---|---|


## भाग–२

**ज्वालामुखी गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ को उपदफा (२) बमोजिमको ज्वालामूखी गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरीएको छ।

सम्वत् २०७९ सालको कार्यविधि ४

# गर्भवती तथा सुत्केरी महिलाहरुलाई नि:शुल्क एम्बुलेन्स सेवा सहयोग कार्यविधि, २०७९

**प्रस्तावना:**

ज्वालामूखी गाउँपालिकावासीहरुको आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने नैसर्गिक अधिकारको प्रत्याभूती गराउँदै सुरक्षित रुपमा सुत्केरी सेवा प्रदान गर्ने वातावरण तयार गरी गाउँपालिकालाई घरमा सुत्केरी शून्य बनाउने अभियानलाई पूर्ण बनाउनुको साथै आमा र नवजातशिशुको जीवनरक्षा गर्ने गराउनका लागि

ज्वालामूखी गाउँपालिकाको नवौ गाउँसभाबाट पारित कोख देखि शोक सम्म ज्वालामूखी सरकार भन्ने नारालाई पूर्ण बनाउन नेपालको संविधान, २०७२ को धारा २२१ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरि ज्वालामूखी गाउँकार्यपालिकाको मिति, २०७९ साल भाद्र ३० गतेको बैठकले यो कार्यविधि तयार गरेको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम गर्भवती तथा सुत्केरी महिलाहरुलाई निःशुल्क एम्वुलेन्स सेवा सहयोग कार्यविधि, २०७९ रहेको छ।

ख. यो कार्यविधि ज्वालामूखी गाउँकार्यपालिकाको बैठकवाट पास भए पछि कार्यान्वयन हुनेछ।

२. **परिभाषाः**

क. गर्भवती तथा सुत्केरी भन्नाले गर्भवती भए देखि (महिनावारी रोकिए पश्चात) बच्चा जन्माएको ४५ दिन सम्मको अवधिको महिलालाई सम्झनु पर्दछ।

ख. एम्वुलेन्स सेवा सहयोग भन्नाले गर्भवती गर्भावती महिलाको स्वास्थ्य संस्थाले प्रमाणीत गरेमा र सुत्केरी हुने अवस्थामा आफ्नो पालिका भित्रको स्वास्थ्य संस्था सम्म उपचारको लागि ल्याउन र उक्त स्वास्थ्य संस्थावाट अन्य निकायमा उपचारका लागि लैजान एम्वुलेन्सको प्रयोग गरे वापतको एम्वुलेन्सको नियमानुसार तोकिएको भाडा वापतको रकम भन्ने वुझ्नु पर्छ।

ग. स्वास्थ्य संस्था भन्नाले ज्वालामूखी गाउँपालिका भित्र अवस्थित स्वास्थ्य सेवा प्रवाह गर्ने सरकारी स्वामित्वको स्वास्थ्य संस्था भन्ने वुझ्नु पर्छ।

घ. स्वास्थ्य शाखा प्रमुख भन्नाले गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख भन्ने बुझिन्छ।

ङ. प्रमुख प्रशासकीय अधिकृत भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने बुझिन्छ।

च. लेखा प्रमुख भन्नाले गाउँपालिकाको लेखा प्रमुख भन्ने बुझिन्छ।

छ. समिति भन्नाले गर्भवती तथा सुत्केरी महिलाहरुलाई निःशुल्क एम्वुलेन्स सेवा सहयोग दिन गाउँपालिकावाट गठित सिफारिश समिति सम्झनु पर्छ।

ज. मन्त्रालय भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सम्झनु पर्छ।

झ. कार्यविधि भन्नाले गर्भवती तथा सुत्केरीहरुलाई निःशुल्क एम्वुलेन्स सहयोग कार्यविधि, २०७९ लाई सम्झनु पर्छ।

ञ. संघीय ऐन भन्नाले स्वास्थ्य सम्वन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ।

ट. कार्यपालिका भन्नाले ज्वालामूखी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

ठ. प्रदेश ऐन भन्नाले स्वास्थ्य सम्वन्धी प्रदेश संसदले बनाएको ऐनलाई सम्झनु पर्छ।

ड. अस्पताल भन्नाले गर्भवती तथा सुत्केरीहरुलाई स्वास्थ्य सम्वन्धी जटिलता उपचारको लागि प्रेषण गरिएको अस्पताल सम्झनु पर्छ।

## परिच्छेद–२

## एम्वुलेन्स सहयोग सम्बन्धी व्यवस्था

३. **एम्वुलेन्स सहयोगको व्यवस्थापन**ः एम्वुलेन्स सहयोग रकमको लागि वार्षिक रुपमा खर्च हुने रकम प्रत्येक वर्ष गाउँपालिकाले गाउँसभाबाट निश्चित रकम विनियोजन गरिने छ।

**४. सहयोग वितरण सम्वन्धी व्यवस्थाः**

क. स्वास्थ्य संस्था तथा अस्पतालले गर्भवती तथा सुत्केरी महिलालाई दिएको सेवाको विवरण खुल्ने गरि अनुसूची १ बमोजिमको ढाँचामा निवेदन, स्वास्थ्य संस्थाको सिफारिस, नागरिकता प्रमाण पत्रको प्रतिलिपी साथै मातृ सेवा कार्ड स्वास्थ्य शाखामा पेश गर्नु पर्नेछ।

ख. मासिक रुपमा प्राप्त निवेदनहरु माथि समितिले बैठक वसी विद्यमान तोकीएको भाडा दर वापतको एम्वुलेन्स शुल्क वैठकको निर्णय पश्चात सम्वन्धित एबुलेन्स धनि वा समितिलाइ भुक्तानी दिइनेछ।

ग. गर्भवती, प्रसुती तथा सुत्केरी समयमा कुनै स्वास्थ्य जटिलता भई उपचार गर्नु परेमा स्वास्थ्य संस्थावाट प्रेषण गरिएको पूर्जा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

घ. गाउँपालिका भित्र वा वाहिर संचालनमा रहेको एम्वुलेन्स उपलव्ध नभएमा स्थानीय स्तरमा उपलव्ध हुने सवारी साधनको समेत प्रयोग गर्न मिल्नेछ। तर एम्वुलेन्स सहयोग वापतको भाडा रकम स्थान अनुसार संयुक्त एम्वुलेन्स संचालन समिति धादिङले तोके बमोजिमको भाडा मात्र उपलव्ध गराइनेछ।

ङ. सेवाग्राहीले तत्काल एम्वुलेन्स सहयोग वापतको रकम भुक्तानी गरेको भएमा नियमानुसार खर्च भएको रकम निजलाई शोध भर्ना दिइनेछ।

## परिच्छेद-३

## समिति गठन सम्बन्धी व्यवस्था

५. **समिति गठनः** गर्भवती तथा सुत्केरी महिलाहरुलाई निःशुल्क एम्वुलेन्स सेवा सहयोग सिफारिसका लागि गाउँपालिका स्तरमा तोकिएको सहयोग प्रदान गर्नका लागि स्वास्थ्य शाखा सचिवालय रहने गरी देहाय बमोजिमको समिति गठन गरिनेछ।

क. प्रमुख प्रशासकीय अधिकृतः  अध्यक्ष

ख. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य

ग. सम्वन्धित सुत्केरी महिलाको वडाको महिला वडा सदस्य- सदस्य

घ. सम्बन्धित सुत्केरी महिलाको वडामा अवस्थित स्वास्थ्य संस्थाको प्रमुख- सदस्य

ङ. स्वास्थ्य शाखा प्रमुखः सदस्य-सचिव

६. **समितिको कार्य विवरण**

क. समितिले प्राप्त निवेदन बमोजिम एम्वुलेन्स सहयोग रकम उपलव्ध गराउन अनुसूचि १ बमोजिमको निवेदन फाराम रुजु गरि सो को प्रमाणित गर्ने ।

ख. समितिले सहयोग उपलव्ध गराउनको लागि आवश्यक सम्पूर्ण कागजातहरु भए नभएको एकिन गर्ने ।

ग. हरेक महिनाको अन्तिम हप्ता समितिको बैठक वसी सो अवधिमा प्राप्त निवेदन उपर निर्णय गरि सहयोग रकम दिने व्यवस्था गर्ने ।

घ. एम्वुलेन्स सहयोग सम्वन्धिको विस्तृत लगत तयार गरि प्रारम्भिक प्रशासनिक कार्य र अभिलेख राखि सो को प्रतिवेदन कार्यपालिका तथा सम्वन्धित निकायमा पेश गर्ने ।

## परिच्छेद–४

## अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था

७. **अनुगमन तथा मूल्यांकन प्रक्रियाः** ज्वालामूखी गाउँकार्यपालिकावाट नियमित रुपमा अनुगमन तथा मूल्यांकन कार्य गरिनेछ । अनुगमन तथा मूल्यांकन पश्चात देखिएका समस्याहरुको समाधानको लागि गाउँकार्यपालिकामा आवश्यक छलफल नियमित रुपमा गरिनेछ। वार्षिक रुपमा एम्वुलेन्स सेवा सहयोग पाउनेहरुको विवरण गाउँपालिकाको सुचना पाटीमा टाँस गरिनेछ।

७. **एम्वुलेन्स सहयोग रकम सम्वन्धी व्यवस्थाः** यस कार्यविधिमा पर्ने सम्पूर्ण सेवाग्राहीहरुलाई तोकिएको नियमानुसार चलन चल्तीको एम्वुलेन्स भाडा वापतको रकम उपलव्ध गराइनेछ। आवश्यक कागजातहरु पूरा भए पश्चात समितिको वैठकको निर्णयानुसार सो सहयोग रकम उपलव्ध गराइनेछ।

८. **उजुरी सम्वन्धि व्यवस्थाः** यस एम्वुलेन्स सेवा सहयोग कार्यक्रम सम्वन्धमा चित्त नबुझेमा ज्वालामूखी गाउँपालिकामा लिखित तथा मौखिक उजुरी दिन सकिनेछ। यसरी परेको उजुरी उपर आवश्यक छानविन गरि सम्बन्धित व्यक्तिलाई जानकारी गराइनेछ। यसमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

९. **बाधा अडकाउ फुकाउनेः** यस कार्यविधि बमोजिम गर्भवती तथा सुत्केरी महिलाहरुलाई निःशुल्क एम्वुलेन्स सेवा सहयोग रकम सम्वन्धमा कुनै बाधा पर्न गएमा वा थप व्याख्या गर्नुपर्ने भएमा गाउँपालिकाले गरेको निर्णय अन्तिम हुनेछ।

१०. **संशोधन यो कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न गर्नुपरेमा गाउँकार्यपालिकाले गर्न सक्नेछ।**

११. **खारेजी र बचाउः**

क. यस कार्यविधिमा लेखिएकामा सोहि बमोजिम र अन्य विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

ख. यो कार्यविधि अन्य प्रचलित कानूनसँग वाझिएमा बाझिएको हदसम्म स्वतः निश्कृय हुनेछ।

## अनुसूचीः १

## गर्भवती तथा सुत्केरी महिलाहरुलाई एम्वुलेन्स खर्च सहयोग रकम भुक्तानीको लागि पेश गर्नु पर्ने निवेदनको ढाँचाः

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू, मितिः २०७९/ /

ज्वालामूखी गाउँपालिका,

धादिङ ।

**विषयः एम्वुलेन्स भाडा वापतको खर्च रकम उपलव्ध गराई दिने बारे ।**

महोदय,

सेवामा सविनय अनुरोध यो छ कि ज्वालामूखी गाउँपालिका वडा नं........ ........ निवासी जन्म मिति...........वर्ष........को नागरिकता प्रमाण-पत्र नं. ...........................को म ............................. .... गर्भवती जाँचका लागि/सुत्केरी हुन स्वास्थ्य संस्थामा मिति ............... मा आएकोमा जटिल प्रसुती व्यथा/जटिल गर्भावस्था भई...................... ................ बाट ....................... अस्पतालमा प्रेषण गरिएकोमा सो प्रयोजनका लागि मिति................. मा ............................... वाट ........................ स्थान सम्म........................... ..........बाट संचालित एम्वुलेन्स नं...................... को गाडी भाडामा प्रयोग गरे वापतको खर्च रकम रु................. (अक्षरुपी ............................... मात्र उपलब्ध गराई पाउन तपसिलको कागजात सहित अनुरोध छ ।

**तपसिलः**

१. मातृ सेवा कार्ड ।

२. पत्रको प्रतिलिपी । नागरिकता प्रमाण

३. सुत्केरी भएको स्वास्थ्य संस्थावाट दिएको जन्म दर्ताको प्रतिलिपी ।

४. प्रेषण पूर्जा ।

५. एम्वुलेन्स भाडा वापतको रसिद सक्कल ।

६. अस्पतालवाट डिस्चार्ज हुँदाको पुर्जा

निवेदकः

नामः

ठेगानाः

दस्तखतः

सम्पर्क नं.

**प्रमाणीकरण मितिः २०७९।०५।३०**

**आज्ञाले,**
**सुमन पण्डित**
**प्रमुख प्रशासकीय अधिकृत**